संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

२०६३ चैत ७

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा रौतहटमा भएका हत्याको भर्त्सना, हिंसाको तत्काल अन्त्यका लागि आग्रह

उच्चायुक्तको कार्यालय-नेपाल मधेशी जनअधिकार फोरम र नेकपा-माओवादीका समर्थकहरूबीच रौतहट जिल्लाको गौरमा बुधबार भएको हिंसाको भर्त्सना गर्दछ, जसबाट दुई महिलालगायत कम्तीमा १२ जनाको मृत्यु हुनगयो । कम्तीमा केही पीडित व्यक्ति बाासको लाठीको कुटाइका कारण टाउकामा लागेको चोटपटकले गर्दा मृत्यु भएको कुरा अस्पताल स्रोतले जनायो । दर्जनौं अन्य मानिसलाई अस्पतालमा भर्ना गरिएको थियो र तीमध्ये केहीको टाउकामा गम्भीर चोट लागेको
थियो ।

उच्चायुक्तको कार्यालयका मानवअधिकार अधिकृतहरूको एउटा टोली मृत्युका कारणलगायत गौरमा यी घटनाहरूको छानबिन गरिरहेको छ ।

उक्त झडपहरू यी दुबै समूहद्वारा एकैसाथ आयोजित ऱ्यालीका क्रममा भएका थिए र दुबै सङ्गठन सम्भावित द्वन्द्वबारे सचेत हुादाहुादै पनि ती ऱ्याली अगाडि बढेका थिए ।

"यस्तो अस्वीकार्य हिंसाको अन्त्य गर्न तत्काल कदमहरू उठाउन र बरु शान्तिपूर्ण संवादमार्फत् विभिन्न मतभेदको समाधान गरियोस् भन्ने सुनिश्चित गर्न म फोरम र नेकपा-माओवादीका केन्द्रीय तथा स्थानीय स्तरका नेताहरूलाई आह्वान गर्दछु । उच्चायुक्तको कार्यालय हत्या र अन्य हिंसात्मक घटनाको छानबिन गर्न तथा जिम्मेवार पाइएका कसैलाई पनि जवाफदेही बनाउन पनि सरकारी अधिकारीलाई आग्रह गर्दछ," संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी नेपालस्थित प्रतिनिधि लेना सुन्धले भन्नुभयो ।

**For further information contact Mr. Marty Logan at OHCHR-Nepal**
**Tel.: 428 0164 (Ext. 321) - Mobile: 9851016107 or Email: mlogan@ohchr.org**